नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

चौतारा

पत्र.संख्या प्र.०७८/७९

# प्रेस विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को संभावित संक्रमण रोकथाम तथा नियन्त्रणका यस जिल्लाभित्र उच्च सावधानी अपनाई नेपाल सरकारको निर्णय र निर्देशन अनुरुप काम भैरहेको सबैमा विदितै छ । यसै सन्दर्भमा आज प्रमुख जिल्ला अधिकारी श्री अरुण पोखरेलज्यूको अध्यक्षतामा बसेको जिल्ला सुरक्षा समितिको बैठकले निम्नानुसारका निर्णयहरु गरेको व्यहोरा सर्वसाधारणका यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराइएको व्यहोरा अनुरोध छ।

क. संचालन गर्न नपाईने कार्यहरुः

१. सभा,सम्मेलन, व्यवसाय तथा नित्य पूजाको हकमाः-

क. सबै प्रकारका सभा, सम्मेलन, सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, मनोरञ्जन स्थल,हेल्थक्लव, जिमखाना, फुटसल, पुस्तकालय, रंगशालामा हुने दर्शक सहिको खेलकुद र मानिसहरुको भिडभाड हुने सबै प्रकारका कार्यक्रम सञ्चालन गर्न नपाइने ।

ख. खुला स्थानमा मानिसहरु भेला जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस, जात्रा, महोत्सव, भोज भतेर, पुराण वाचन आदि गर्न गराउन नपाइने ।

२. सार्वजनिक सवारी साधनहरुको हकमाः

क. सार्वजनिक यातायातका साधनहरु र निजी सवारी साधनहरु देहायको मापदण्डहरु पालना गरी सञ्चालन गर्न सकिने ।

- कुल स्विकृत सिट क्षमता भन्दा बढी यात्रु राख्न नपाइने ।
- सबै यात्रुहरुले अनिवार्य रुपमा मास्क लगाउने ।
- मास्क नलगाउने यात्रुहरुलाई सवारी साधनमा प्रवेश गर्न नदिने ।
- चालक र सहचालकले अनिवार्य मास्क, पञ्जा जस्ता सुरक्षा कवज प्रयोग गर्नुपर्ने ।
- सवारी साधनको ढोकामा अनिवार्य स्यानीटाइजरको व्यवस्था हुनुपर्ने ।
- अनिवार्यरुपमा सवारी साधन दैनिक निसंक्रमित गर्नुपर्ने ।

ख. सञ्चालन गर्न सकिने कार्यहरु

१. सर्वसाधारणको आवतजावतको हकमाः

क. घरबाट बाहिर निस्किदा दुई व्यक्तिबीच कम्तीमा २ मिटरको भौतिक दुरी कायम राख्ने। अनिवार्य रुपले मास्कको प्रयोग गर्ने । पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइजरको प्रयोग गर्ने । जनस्वास्थ्यका मापदण्ड पूर्वरुपले पालना गर्ने ।

३. शैक्षिक संस्था, कृषि, उद्योग तथा निर्माण कार्यको हकमाः-

क. शैक्षिक संस्थाहरु (बिद्यालय, कलेज, तालिम केन्द्र) ले अनलाइन तथा भर्चुअल माध्यमबाट पठनपाठन कार्यहरु सञ्चालन गर्न सक्ने ।

०७८/५/२८

प्र. प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक
चौतारा
☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या प्र.०७८/७९

ख. बिभिन्न निकायबाट पूर्व निर्धारित सबै किसिमका लिखित तथा प्रयोगात्मक परीक्षाहरु देहाय बमोजिम शर्तहरु पालना गरी संचालन गर्ने ।

- परीक्षा संचालन हुने कुनै एक स्थान हल तथा कोठाको आकार अनुसार २५ जना भन्दा बढी मानिसहरु भेला जम्मा नहुने गरी परिक्षा संचालन गर्ने ।
- एकै दिनमा २५ जना भन्दा बढी मानिस जम्मा हुने अवस्था भएमा Shiftwise परीक्षा संचालन गरी परीक्षार्थीहरु हलमा प्रवेश गर्नुपूर्व र परिक्षा समाप्त भएपश्चात नेपाल सरकारले तोकेको मापदण्ड बमोजिमको भौतिक दुरी कायम हुने व्यवस्था मिलाउने ।
- एउटा Shift का सबै व्यक्तिहरु परिक्षास्थलबाट पूर्णरुपमा बाहिरिए पछिमात्र अर्को Shift सँग सम्बन्धित व्यक्तिहरु प्रवेश गर्न मिल्ने गरी फरक समय राखे ।
- परिक्षा संचालनको क्रममा जनस्वास्थ्यका मापदण्डहरुको अनिवार्य पालना गरी मास्क तथा सेनिटाइजरको उचित प्रयोग गर्नुका साथै प्रत्येक Shift मा परिक्षा हल अनिवार्यरुपमा निसंक्रमित गर्ने ।
- गोष्ठी, तालिम, सेमिनार, बैठक, समिक्षा, प्रशिक्षण जस्ता क्रियाकलापहरु भौतिक रुपमा उपस्थित भई गर्नुपर्ने भएमा बढीमा २५ जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्डको पुर्णरुपमा पालना गरी संचालन गर्ने।

ग. उद्योग तथा कलकारखाना र सार्वजनिक तथा निजी निर्माण कार्य संचालन गर्दा स्वास्थ्य मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

घ. कृषि कार्यमा संलग्न व्यक्तिहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी मल, वीउ, अन्य कृषि औजार ओसारपसार खरिद तथा प्रयोग गर्न सकिने ।

**४. औषधी, भेटेनरी औषधी तथा स्वास्थ्य सामग्री, अत्यावश्यक खाद्य सामग्री तथा अन्य व्यापार व्यवसायको हकमा:**

क. औषधी तथा स्वास्थ्य सामग्री सम्बन्धी पसल जुनसुकै समयमा स्वास्थ्य मापदण्ड पालना गरी निर्बाध रुपमा सञ्चालन गर्ने ।

ख. खाद्यान्न, दुध तथा दुग्धजन्य पदार्थ, फलफूल, तरकारी, माछा मासु, पुजा सामग्री विक्री वितरण गर्ने पसलहरु, खेलकुद सामग्री पसल, स्टेशनरी/पुस्तक पसलहरु जनस्वास्थ्यको मापदण्ड पालना गरी संचालन गर्न पाउने ।

ग. जनस्वास्थ्यको मापदण्ड पालना गरी कपडा, जुत्ता, फेन्सी, कस्मेटिक, साडी, गिफ्ट आइटम, टेलरिङ्ग संचालन गर्ने ।

घ. जनस्वास्थ्यको मापदण्ड पालना गरी सुनपसल, भाँडा, भान्साजन्य विद्युतिय घरायसी सामग्री, अटोमोवाइल पार्टस पसल, इलेक्ट्रोनिक पसल,(मोवाइल तथा कम्प्युटर पसल) संचालन गर्ने ।

ङ. निर्माणजन्य सामग्रीको पसल (हार्डवेयर पसल, बिजुलीको सामान, स्यानीटरी पसल, टायल, मार्बल, फर्निचर, कार्पेटिङ) जनस्वास्थ्यको मापदण्ड पालना गरी संचालन गर्न पाउने।

च. पसल तथा व्यवसाय संचालन गर्दा कम्तिमा २ मिटरको भौतिक दूरी कायम गर्ने अनिवार्य रुपमा स्यानीटाइजरको व्यवस्था गर्ने र स्वास्थ्य मापदण्ड पालना गर्ने। यदि तोकेबमोजिम स्वास्थ्य मापदण्ड परिपालना नगरेको अनुगमनको क्रममा भेटिएमा पसल तथा व्यवसाय तत्काल बन्द गराउन सकिने ।

छ. सवारी साधन मर्मतका वर्कशपहरु २४ सै घण्टा सञ्चालन गर्न सकिने ।

स. प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या प्र.०७८/७९

चौतारा

५. बिवाह तथा व्रतवन्धको हकमा

क. विवाह तथा व्रतवन्धको हकमा बढीमा २५ जनासम्म स्वास्थ्य मापदण्डको अनिवार्य पालना गर्ने गरी आफ्नो घर वा वसेको स्थानमा मात्र गर्ने ।

ख. विवाह वा व्रतवन्धको हकमा २ वटा सवारी साधन (वेहुला वेहुली समेत ) प्रयोग गर्ने गरी ब्यानरका आधारमा आवतजावत गर्ने ।

६. उल्लिखित आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ । यसको अवज्ञा गर्नेलाई कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कारवाही गरिनेछ ।

मितिः- २०७८/०४/१४

(बाबुराम खनाल)
सहायक प्रमुख जिल्ला अधिकारी

स. प्रमुख जिल्ला अधिकारी